# प्रदेश राजपत्र

मधेश प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५ )जनकपुरधाम,नेपाल, पौष ३० गते,२०७८साल(अतिरिक्ताङ्क ५

भाग २

## मधेश प्रदेश सरकार

## सामाजिक विकास मन्त्रालय

## दलित सशक्तीकरण नियमावली, २०७८

दलित सशक्तीकरण ऐन, २०७६ को दफा १५ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ ।

### परिच्छेद -१

### प्रारम्भिक

**१.** <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यी नियमहरुको नाम " दलित सशक्तीकरण नियमावली, २०७८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

**२.** <u>**परिभाषाः**</u> **विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस नियमावलीमा-**

(क) "ऐन" भन्नाले **दलित सशक्तीकरण ऐन, २०७६ सम्झनु पर्छ ।**

(ख) "प्रदेश सरकार" भन्नाले प्रदेश नम्बर दुईको प्रदेश सरकार सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ ।

(घ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उप-महानगरपालिका र महानगरपालिका सम्झनु पर्छ ।

(ङ) "स्थानीय अनुगमन समिति" भन्नाले ऐनको दफा ५ बमोजिम गठित स्थानीय जातीय विभेद तथा छुवाछूत अनुगमन समिति सम्झनु पर्छ ।

## परिच्छेद -२

## <u>जातीय विभेद तथा छुवाछूत अनुगमन समितिको काम, कर्तव्य र अधिकार</u>

**३.** <u>**अनुगमन समितिको काम कर्तव्य र अधिकारः**</u> (१) ऐनमा लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दलित माथीको भेदभाव तथा जातीय विभेदको सम्बन्धमा प्रदेश सरकारले चाल्नु पर्ने नीतिगत विषयमा प्रदेश सरकारलाई सिफारिस गर्ने,

(ख) समुदायमा जातीय सौहार्द्रता कायम गर्न सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने,

(ग) समाजमा जातजातिहरुका बीचमा सामाजिक सद्भाव कायम गर्न र जातीय विभेद अन्त्यका लागि नागरिक शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउने,

(घ) जातीय विभेद अन्त्यका लागि समुदायमा बहस पैरबी गर्ने वा गराउने,

(ङ) दलित समुदायमाथि हुने सबै प्रकारका हिंसा अन्त्य गर्न स्थानीय तहहरुसंग समन्वय एबम् सहजीकरण गर्ने,

(च) दलित तथा सामाजिक वहिष्करणमा परेका समुदायको सम्मानजनक जीवनयापनका लागि उपयुक्त वातावरणको सिर्जना गर्ने,

(छ) जातीय आधारमा हुने विभेद र हिंसा अन्त्य गर्न कानूनी प्रकृया एबम् कार्यविधिलाई सरलीकरण गर्ने,

(ज) समाजमा रहेको अन्तर दलित विभेदका सम्बन्धमा अध्ययन अनुसन्धान गरी विभेद न्यूनीकरणका लागि आवश्यक पहल गर्ने गराउने,

(झ)जातीय विभेद तथा छुवाछुत सम्बन्धमा भएगरेका कार्यहरुको बार्षिक प्रगति प्रतिवेदन प्रदेश सरकार समक्ष प्रस्तुत गर्ने,

**४. <u>उजुरी दिने सम्बन्धी कार्यविधिः</u>** (१) पीडित व्यक्ति वा परिवारले ऐन तथा यस नियमावली बमोजिम आफूमाथि छुवाछुत तथा जातीय विभेद भएको भनी पीडक किटानी साथ कारवाहीका लागि कानून बमोजिमको कुनै निकायमा प्रचलित कानून बमोजिम उजुरी गर्न जाँदा सो उजुरी लिन अस्वीकार गरेको भनी निवेदनसाथ आएमा दलित विकास समितिले उजुरी लिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पर्न आएको उजुरीको सम्बन्धमा प्रचलित कानून बमोजिम आवश्यक अनुसन्धान तथा छानविनका लागि नजिकको प्रहरी कार्यालयमा लेखी पठाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको पत्रसाथ उजुरी दिन आएमा सम्बन्धित प्रहरी कार्यालयले उजुरी दर्ता गरी प्रचलित कानून बमोजिम आवश्यक तहकिकातका लागि प्रकृया अगाडि बढाउनु पर्नेछ र सो को जानकारी दलित विकास समितिलाइ दिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्राप्त उजुरी उपर कारवाहीको प्रकृया सुरु नगरेमा वा उजुरी दर्ता गर्न नमानेमा सो सम्बन्धी विषय उल्लेख गरी पीडित वा निजको आफन्तले ऐनको दफा (३) बमोजिमको समितिमा उजुरी गर्न सक्नेछ ।

(५) उपनियम (४) बमोजिम पर्न आएको उजुरीको सम्बन्धमा प्रचलित कानून बमोजिम आवश्यक अनुसन्धान तथा छानविनका लागि प्रदेश प्रहरी कार्यालयलाई दफा (३) बमोजिमको समितिले निर्देशन दिनेछ ।

(६) उपनियम (५) बमोजिम प्राप्त निर्देशनको प्रचलित कानून बमोजिम कारवाही गरी सो को जानकारी अनुगमन समितिलाई दिनु पर्नेछ ।

(७) उपनियम (१) बमोजिम पीडितले कानूनी उपचारका लागि माग गरेमा मुख्यन्यायाधिवक्ताको कार्यालय वा मातहतका निकाय वा व्यक्तिले आवश्यक कानूनी सहायता निशुल्क रुपमा प्रदान गर्नु पर्नेछ ।

(८) उपनियम (७) बमोजिम मुख्यन्यायाधिवक्ताको कार्यालयबाट प्रदान गरेको कानूनी सहायताको विवरण वार्षिक प्रतिवेदनमा समावेश गर्नुपर्नेछ ।

**५.** <u>स्थानीय अनुगमन समितिको काम कर्तव्य र अधिकारः</u> (१) ऐनमा उल्लिखित काम, कर्तव्यका अतिरिक्त स्थानीय जातीय विभेद तथा छुवाछुत अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जातीय आधारमा हुने विभेद र हिंसा अन्त्य गर्न कानूनी व्यवस्थाको प्रचार प्रसार गर्ने,

(ख) जातीय विभेद उन्मुलन गर्नका लागि जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने,

(ग) जातीय विभेदमा परेका व्यक्ति वा समुदायको सवालहरुमा बहस पैरवी गर्ने,

(घ) अन्तर दलित विभेदलाई हटाउने कार्यक्रमहरु सञ्चालन गर्ने गराउने,

(ङ) स्थानीय दलित अगुवाहरुलाई सम्मान गर्ने र भूमिका वृद्धि गर्न अनुगमन समिति समक्ष सिफारिस गर्ने,

(च) दलित समुदायमाथि हुने सबै प्रकारका हिंसा अन्त्य गर्न क्रियाशील रहने।

(२) उपनियम (१) बमोजिम स्थानीय अनुगमन समितिले गरेको कामको प्रतिवेदन बार्षिक रुपमा आर्थिक वर्ष समाप्त भएको

मितिले तीन महिनाभित्र ऐनको दफा ७ बमोजिमको दलित विकास समिति समक्ष पेश गर्नु पर्नेछ ।

**६.** <u>**छात्रवृत्ति सम्बन्धी व्यवस्थाः**</u> (१) प्रदेशभित्रका दलित समुदायका बालवालिकालाई प्रदेश सरकारको क्षमताको आधारमा निर्धारित रकम भित्र रही तोकेको कार्यविधि अनुसार छात्रवृत्ति प्रदान गरिनेछ।

(२) उपनियम (१) बमोजिमको छात्रबृत्ति वितरणको सिफारिशको लागि दलित विकास समितिको उपाध्यक्षको संयोजकत्वमा देहाय बमोजिमको एक छात्रवृत्ति सिफारिश समिति रहनेछ ।

(क) उपाध्यक्ष, दलित विकास समिति- संयोजक

(ख) शिक्षा विकास निर्देशनालय, निर्देशक -सदस्य

(ग) दलित विकास समितिको सदस्य-सचिव
-सदस्य सचिव

(३) उपनियम (२) बमोजिमको समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) कार्यविधिको अधिनमा रही प्रदेशभित्रका पालिकासँग समन्वय गरी विद्यालयहरुबाट दलित वाललालिकाहरुको विवरण संकलन गर्ने,

(ख) प्रदेभित्रका दलित वालवालिकाले पाएको छात्रवृत्तिको विवरण संकलन गर्ने,

(ग) दलित वालवालिकालाई लक्षित गरी नेपाल सरकार तथा पालिकाहरुले वितरण गरेको छात्रवृत्तिको विवरण संकलन गर्ने,

(घ) माथि खण्ड (क), (ख) र (ग) बमोजिमको संकलित विवरणको विश्लेषण गरी दोहोरो नपर्नेगरी छात्रवृत्तिको वितरणको लागि दलित विकास समितिमा सिफारिश गर्ने,

(४) उपनियम (२) बमोजिमको छात्रवृत्ति सिफारिस समितिले वार्षिक रुपमा तयार पारेको छात्रवृत्ति सिफारिस प्रतिवेदन दलित विकास समितिमा पेश गर्ने ।

(५) उपनियम (४) बमोजिम प्राप्त हुन आएको प्रतिवेदन उपर दलित विकास समितिले आवश्यक छानविन तथा निर्णय गरी छात्रवृत्ति वितरणको लागि शिक्षा विकास निर्देशनालाई लेखी पठाउनु पर्नेछ ।

(६) दलित विकास समितिबाट लेखी आएको छात्रवृत्ति वितरणको सिफारिसको कार्यान्वयन शिक्षा विकास निर्देशनालयले गर्नुपर्नेछ ।

(७) उपनियम (६) बमोजिम वितरण गरिएको छात्रवृत्तिको वार्षिक प्रतिवेदन शिक्षा विकास निर्देशनालयले दलित विकास समिति र मनत्रालयमा पठाउनु पर्नेछ ।

(८) उपनियम (६) बमोजिम वितरण भएको छात्रवृत्तिको वार्षिक प्रतिवेदन दलित विकास समिति र शिक्षा विकास निर्देशनालयले सार्वजनिक गर्नु पर्नेछ ।

(९) छात्रवृत्ति सिफारिस समितिको वैठक वसे वापत समितिका सदस्यले नियमानुसार वैठक भत्ता पाउनेछ।

## परिच्छेद-४

## दलित विकास समितिको काम कर्तव्य र अधिकार

**७. दलित विकास समितिको काम कर्तव्य र अधिकारः** ऐनमा उल्लिखित काम, कर्तव्यका अतिरिक्त दलित विकास समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हनेछः-

(क) संविधान प्रदत्त दलितको हक कार्यान्वयनका लागि बनेका प्रदेश कानूनको अध्ययन गरी सुधार गर्ने विषयहरु प्रदेश सरकार समक्ष प्रस्तुत गर्ने ।

(ख) दलित उत्थान तथा जातीय विभेद अन्त्यका लागि स्थानीय तहसम्म कार्यक्रम विस्तार गर्ने,

(ग) दलित उत्थान तथा जातीय विभेदसँग सम्बन्धित कार्य गर्ने विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थासंग समन्वय गरी स्थानीय स्तरसम्म कार्यक्रम सञ्चालन गर्ने,

(घ) स्थानीय जातीय विभेद तथा छुवाछुत अनुगमन समितिसँग समन्वय गरी कार्यसम्पादनको प्रतिवेदन सङ्कलन गर्ने,

(ङ) स्थानीय जातीय विभेद तथा छुवाछुत अनुगमन समितिको एकीकृत कार्यसम्पादन प्रतिवेदन तयार पारी अनुगमन समिति समक्ष पेश गर्ने,

**८. दलित विकास समितिको वैठक सम्बन्धी व्यवस्थाः** (१) समितिको वैठक आवश्यक्ता अनुसार समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) समितिको वैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ ।

(३) समितिको तत्काल कायम रहेका अध्यक्ष सहित पचास प्रतिशत वा सो भन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ ।

(४) समितिको निर्णय बहुमतको निर्णय मान्य हुनेछ । मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(५) समितिको निर्णय पुस्तिकामा उपस्थित सदस्यहरुले हस्ताक्षर गर्नुपर्नेछ ।

(६) समितिको निर्णय अध्यक्ष र सदस्य-सचिवले प्रमाणित गर्नेछन् ।

(७) समितिको वैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**९.** <u>उपाध्यक्षको काम कर्तव्य र अधिकारः</u> उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्थानीय अनुगमन समितिको अनुगमन गर्ने र तिनको काममा सहजीकरण गर्ने,

(ख) दलित विकास समिति र स्थानीय अनुगमन समितिबीच रही समन्वयको काम गर्ने,

(ग) स्थानीय अनुगमन समितिका समस्या र सुझाव सहित दलित विकास समितिमा नियमित जानकारी गराउने,

(घ) दलित विकास समितिले दिएका निर्देशन कार्यान्वयन गर्ने वा गराउने ।

**१०. उपाध्यक्ष तथा सदस्यको सेवा सुविधाः** ऐनको दफा ७ को उपदफा (२) को खण्ड (ख) बमोजिम नियुक्त उपाध्यक्ष र खण्ड (ग) बमोजिम नियुक्त सदस्यले अनुसूची-१ बमोजिमको सुविधा पाउनेछन्।

## परिच्छेद - ५

## प्रशासन सञ्चालन

**११. समितिको कार्यालय र कर्मचारी व्यवस्थापनः** (१) दलित विकास समितिको कार्यालय मन्त्रालय मातहत हुने गरी छुट्टै हुनेछ ।

(२) समितिको सदस्य सचिवले समितिको कार्यालयको प्रशासकीय प्रमुख भई कामकाज गर्नेछ ।

(३) उपनियम (१) बमोजिमको कार्यालयका लागि आवश्यक पर्ने कर्मचारी मन्त्रालयले व्यवस्थापन गर्नेछ ।

**१२. दलित विकास समितिको बजेट तथा प्रशासन सञ्चालनः** (१) समितिको लागि आवश्यक पर्ने बजेट सरकारले उपलब्ध गराउनेछ।

(२) समितिको आर्थिक प्रशासन सञ्चालन गर्ने जिम्मेवारी ऐनको दफा ७ को उपदफा (२) बमोजिमको सदस्य सचिव र लेखा प्रमुखको संयुक्तको हुनेछ ।

(३) समितिको बजेट तथा कार्यक्रम खर्च सम्बन्धी विषयको लेखा र लेखापरीक्षण सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम समितिले राख्नेछ ।

## परिच्छेद - ६

## विविध

**१३. जातीय विभेद तथा छुवाछुत नियन्त्रण इकाई सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा १० को उपदफा (१) बमोजिम प्रदेश नम्बर दुई

अन्तर्गत प्रादेशिक प्रहरीको केन्द्रमा एक जातीय विभेद तथा छुवाछुत नियन्त्रण इकाई रहनेछ ।

(२) उपनियम (१) बमोजिमको जातीय विभेद तथा छुवाछुत नियन्त्रण इकाईको नेतृत्व गर्ने प्रहरी कर्मचारी दलित समुदायकै हुने व्यवस्था प्रदेश सरकारले मिलाउनु पर्नेछ ।

तर दलित समुदायकै प्रहरी कर्मचारी उपलब्ध नभएमा अन्य प्रहरी कर्मचारीबाट नेतृत्व गर्न बाधा पर्नेछैन ।

(४) जातीय विभेद तथा छुवाछुत नियन्त्रण इकाईको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) प्रहरी संगठनभित्र जातीय विभेद तथा छुवाछुत हुन नदिने,

(ख) प्रहरीको प्रदेश स्थित कार्यालयहरुमा जातीय विभेद तथा छुवाछुतको अवस्था अनुगमन तथा सुपरीवेक्षण गर्ने,

(ग) खण्ड (ख) बमोजिम अनुगमन तथा सुपरीवेक्षण गर्दा जातीय विभेद भए गरेको देखिए दोषी उपर प्रचलित कानून बमोजिम कारबाही गर्न सिफारिस गर्ने,

(घ) पीडितलाई क्षतिपूर्ति प्रदान गर्न प्रचलित कानून बमोजिम सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ङ) जातीय विभेद तथा छुवाछुत नियन्त्रण इकाईले गरेको कामको वार्षिक प्रतिवेदन प्रहरी संगठन मार्फत दलित विकास समितिमा पेश गर्ने,

(४) उपनियम (३) को खण्ड (ङ) बमोजिमको प्रतिवेदनको ढाँचा जातीय विभेद तथा छुवाछुत नियन्त्रण इकाई स्वयमले निर्धारण गरे बमोजिम हुनेछ ।

**१४.** <u>स्वास्थ्य उपचार सम्बन्धी व्यवस्थाः</u> (१) ऐनको दफा ११ को उपदफा (१) बमोजिम प्रदेश सरकारले दलित समुदायका

नागरिकलाई स्वास्थ्य जाँच उपचार गर्दा प्रदेश सरकारले तोके बमोजिमको रोगको स्वास्थ्य जाँच तथा उपचारमा निशुल्क सेवा दिने व्यवस्था गर्नेछ ।

**१५.** <u>**बैठक भत्ता:**</u> बैठकमा सहभागि भए बापत अनुगमन समिति र दलित विकास समितिका सदस्यले प्रदेश कानून बमोजिम बैठक भत्ता पाउनेछन् ।

**१६.** <u>रासन सम्बन्धि व्यवस्था:</u> (१) सरकारले रासन कार्ड वितरण गर्न कार्यविधि बनाई कार्यान्वन गर्नेछ ।

(२) रासन कार्ड प्राप्त गर्ने व्यक्तिलाई सरकारले तोकेको दर भाउमा तोकेको रासन उपलब्ध गराउनु पर्नेछ ।

# अनुसूची-१

## (नियम १० संग सम्बन्धित)

## उपाध्यक्ष र सदस्यको सेवा सुविधा

| क्र.स. | सुविधाको किसिम | किसिम | उपाध्यक्ष | सदस्य |
|---|---|---|---|---|
| १. | सेवा सुविधा | प्रतिमहिना | प्रदेश सरकारको ११ औं तहको अधिकृतस्तरको सुरु तलब स्केल | |
| २. | गाडी सुविधा | - | चालक सहितको एक चारपाङ्ग्रे सवारी साधान | - |
| ३. | सञ्चार सुबिधा | मासिक | १०००।- | ५००।- |
| ४. | इन्धन | मासिक | १०० लिटर | - |
| ५. | मोबिल | त्रैमासिक | ५ लिटर | - |
| ६. | वैठक भत्ता | प्रति वैठक | १५००।- | १५००।- |
| ७. | दैनिक भ्रमण भत्ता | महिनामा एक पटक | २०००।- | १६००।- |

| | | | | |
|---|---|---|---|---|
| | | ब<br>ढी<br>मा<br>तिन<br>दिन | | |
| ८. | चाड पर्व खर्च | वर्षिक | १५००० | १५०००।- |

<u>द्रष्ट्व्यः</u> बैठक प्रतिमहिना बढीमा दुईपटक सम्म मात्र बस्न सक्नेछ ।

स्वीकृत मितिः२०७८/०९/३०

आज्ञाले

इमनारायण श्रेष्ठ

प्रदेश सचिव

सामाजिक विकास मन्त्रालय